

गीता र
भौतिक विज्ञान

बाँस्कोटा धनञ्जय
baskota69@gmail.com

३

**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९



जि.प्र.का.झापा द.नं.६९। ०५७।०५८

सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com



**आमा डेन्टल केयर प्रा. लि.**

दमक-६, थानारोड (प्रधान कार्यालय)
सम्पर्क नम्बर : 023-572643/9814912500
दमक–१, रबि स्टेन्ड गेट नजिक (शाखा कार्यालय)
सम्पर्क नम्बरः 023-577816

हाम्रा उपलब्ध डाक्टरहरु

१. डा. प्रनेस श्रेष्ठ (MDS- Orthodontist)
२. डा. सुस्मिता नेपाल (BDS- Dental Surgeon)
३. डा. मीरा आचार्य (BDS- Dental Surgeon)

नोट : हप्ताको सातै दिन दन्त उपचार सेवा उपलब्ध छ।



❑ वर्ष-२१ ❑ अंक - १२२ ❑ २०८३ वैशाख २१ गते सोमबार ❑ Monday, 04 May 2026 ❑ मूल्य ७ /-


## राष्ट्रपतिबाट ७ अध्यादेश पास १ फिर्ता

**दमक/** राष्ट्रपति रामचन्द्र पौडेलले संवैधानिक परिषद्सम्बन्धी अध्यादेश पुनर्विचारका लागि फिर्ता पठाएका छन् । उनले यसअघि संघीय संसद्का दुवै सदनले पारित गरेको विधेयक फिर्ता गर्नुपर्नाकै कारण देखाएर अध्यादेश पुनर्विचारका लागि फिर्ता गरेका हुन्। यसैगरी राष्ट्रपति रामचन्द्र पौडेलले आठवटामध्ये सातवटा अध्यादेश जारी गरेका छन् ।

उनले आइतबार केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश-२०८३ जारी गरेका हुन् । यसअघि नै राष्ट्रपतिले बालेन शाह नेतृत्वको सरकारले सिफारिस गरेका ६ वटा अध्यादेश जारी गरिसकेका छन्। राष्ट्रपतिले संवैधानिक परिषद्सम्बन्धी अध्यादेश भने फिर्ता गरेका छन् ।

## बहुविवाहका प्रतिवादी १८ वर्षपछि पक्राउ

**दमक/** बहुविवाह मुद्धाका फरार प्रतिवादी जोडी १८ वर्षपछि पक्राउ परेका छन् । भोजपुर साविक नागी ८ घर भएका बर्ष ५३ का सुरेशकुमार राई र उनकी श्रीमती बर्ष ४९ की विष्णु राईलाई इलाका प्रहरी कार्यालय सुरुङ्गाले पक्राउ गरेको हो । प्रहरी नायव निरीक्षक सुबास ढुंगानाको कमाण्डमा खटिएको टोलीले कनकाई नगरपालिका वडा नं. ४ त्रिवेणी टोलबाट उनीहरुको घरबाटै नियन्त्रणमा लिएको बताइएको छ । २०६५ माघ २६ गतेको फैसलाले बहुविवाह मुद्धामा उनीहरुलाई १ बर्ष कैद र ५ हजार जरिवाना तोकिएको थियो ।

## बम्जनले पाए अदालतबाट सफाई

**दमक/** सम्पत्ति शुद्धीकरण कसुरमा आरोपित रामबहादुर बम्जनले अदालतबाट सफाइ पाएका छन् । जिल्ला अदालत सर्लाहीका न्यायाधीश महेन्द्रराज काफ्लेको इजलासले गत ८ वैशाखमा बम्जनविरुद्ध लगाइएको अभियोग पुष्टि हुन नसकेको ठहर गर्दै सफाइ दिएको हो । यसअघि प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी)ले बूढानीलकण्ठ क्षेत्रबाट पक्राउ गर्दा ठूलो मात्रामा रकम बरामद गरेपछि बम्जनमाथि सम्पत्ति शुद्धीकरणको आरोपमा मुद्दा दायर गरिएको थियो ।

### अध्यादेशले हल्लायो राज्य संयन्त्र

# राजनीतिक नियुक्तिमा 'क्लिन स्वीप'

खगेन्द्र कार्की

**दमक/** राष्ट्रपति रामचन्द्र पौडेलले मन्त्रिपरिषद्को सिफारिसमा 'सार्वजनिक पदाधिकारीको पदमुक्त सम्बन्धी विशेष व्यवस्था अध्यादेश, २०८३' जारी गरेसँगै राज्य संयन्त्र हल्लिएको छ । अघिल्ला सरकारले गरेका विभिन्न राजनीतिक नियुक्तिहरू एकै पटक क्लिन स्वीप हुने भएका छन् । देशभरका विभिन्न निकायमा राजनीतिक आधारमा नियुक्त भएका पदाधिकारीहरु एकैपटक पदमुक्त हुने भएका हुन ।

बालेन्द्र शाह नेतृत्वको सरकारले प्रशासनिक सुधार, सुशासन र राज्य संयन्त्रलाई पुनःसंरचना गर्ने लक्ष्यसहित ल्याएको यो अध्यादेशमार्फत करिब १ हजार ५ सय ९४ जना पदाधिकारीहरु प्रभावित हुने प्रधानमन्त्री सचिवालयले जनाएको छ। सरकारका अनुसार लामो समयदेखि राजनीतिक भागबण्डाका आधारमा विभिन्न संस्था र निकायमा नियुक्ति हुँदै आएको प्रवृत्तिलाई अन्त्य गर्दै दक्ष, पारदर्शी र उत्तरदायी प्रशासन निर्माण गर्न यो कदम चालिएको हो ।

अध्यादेश जारी भएसँगै सञ्चार, हवाई सेवा, शिक्षा, स्वास्थ्य, ऊर्जा, वित्त, कृषि, प्रज्ञा प्रतिष्ठानदेखि सामाजिक तथा प्रशासनिक क्षेत्रसम्मका दर्जनौं ऐनअन्तर्गत नियुक्त भएका पदाधिकारीहरु पदमुक्त हुने भएका छन् । नेपाल वायुसेवा निगम, राष्ट्रिय समाचार समिति, गोरखापत्र संस्थान, प्रेस काउन्सिल, दूरसञ्चार प्राधिकरण, नागरिक उड्डयन प्राधिकरणजस्ता सञ्चार तथा पूर्वाधारसँग सम्बन्धित निकायहरुमा रहेका पदाधिकारीहरुको पद रिक्त हुने भएको छ । त्यस्तै शिक्षा क्षेत्रमा त्रिभुवन विश्वविद्यालय, काठमाडौं विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय, पोखरा विश्वविद्यालय, विश्वविद्यालय अनुदान आयोगलगायत संस्थाहरुमा नियुक्त उपकुलपति, कुलसचिव र सेवा आयोगका पदाधिकारीहरु हटाइने भएका छन् ।

स्वास्थ्य क्षेत्र पनि यसबाट अछुतो छैन। बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, नेपाल मेडिकल काउन्सिल, स्वास्थ्य बीमा बोर्डजस्ता संस्थाहरुमा रहेका पदाधिकारीहरु पदमुक्त हुनेछन्। ऊर्जा तथा पूर्वाधारतर्फ नेपाल विद्युत प्राधिकरण, काठमाडौं उपत्यका विकास प्राधिकरण, नेपाल खानेपानी संस्थान, सडक बोर्ड, नेपाल रेल्वे, विद्युत नियमन आयोगजस्ता निकायहरुमा पनि व्यापक फेरबदल हुने देखिएको छ । वित्तीय क्षेत्रका कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, धितोपत्र बोर्ड, निक्षेप तथा कर्जा सुरक्षण कोषजस्ता संस्थाहरुमा रहेका पदाधिकारीहरु पनि यस निर्णयबाट प्रभावित हुनेछन् ।

यसैगरी कृषि, वातावरण र सामाजिक क्षेत्रअन्तर्गत नेपाल कृषि अनुसन्धान परिषद्, राष्ट्रिय दुग्ध विकास बोर्ड, राष्ट्रिय चिया तथा कफी विकास बोर्ड, समाज कल्याण परिषद्, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, विभिन्न प्रज्ञा प्रतिष्ठान तथा गुठी संस्थानहरुमा रहेका पदाधिकारीहरु पनि पदमुक्त हुनेछन्। आयोग, बोर्ड, परिषद् र प्रतिष्ठानहरुमा लामो समयदेखि कायम बाँकी ४ पेजमा ▸▸

## बिर्तामोडको अतिक्रमित स्थानमा नगरको डोजर



**बिर्तामोड/** झापाको बिर्तामोड नगरपालिकाले सार्वजनिक पैनी र बाटो अतिक्रमण हटाउने अभियान तीव्र बनाउँदै डोजर प्रयोग गरेको छ। नगरपालिका-२ स्थित श्रीहरि टोलमा करिब ५०० मिटर लामो बेलखाडी पैनी अतिक्रमण गरिएको सूचनाका आधारमा नगरको टोली बिहान डोजरसहित पुगेको थियो।

यस्तै, बिर्तामोड-१० चमरधाप क्षेत्रमा पनि सार्वजनिक बाटो अतिक्रमण हटाउन नगरपालिका सक्रिय देखिएको छ। मनमाया देवान र उनका छोरा राकेश देवानले करिब ३०० मिटर सार्वजनिक बाटो अतिक्रमण गरेको भन्दै स्थानीयले अदालत गुहारेका थिए। उच्च अदालत विराटनगर, इलामको आदेशपछि नगरपालिकाले बाटो खाली गराउन डोजर प्रयोग गरेको हो । उपप्रमुख नगेन्द्रप्रसाद संग्रौला र वडा अध्यक्ष दुर्योधन गुरूङको उपस्थितिमा संरचना हटाउने प्रयास गरिएको थियो । तर देवान परिवारले आफैं संरचना हटाउने प्रतिबद्धता जनाएपछि तत्काल डोजर फिर्ता गरिएको छ। बाँकी ४ पेजमा ▸▸

## उद्योगी व्यवसायीलाई नआत्तिन रविको आग्रह



**दमक/** रवि लामिछानेले उद्योगी-व्यवसायीलाई नडराउन र नआत्तिन आग्रह गर्दै निजी क्षेत्रप्रति सरकार सकारात्मक रहेको स्पष्ट पारेका छन्। नेपाल उद्योग वाणिज्य महासङ्घ, नेपाल उद्योग परिसङ्घ र नेपाल चेम्बर अफ कमर्सका प्रतिनिधिहरूसँग भएको छलफलमा उनले निजी क्षेत्र सशङ्कित देखिएकाले विश्वास दिलाउन संवाद आवश्यक ठानेको बताए ।

लामिछानेले केही सीमित समूहले अर्थतन्त्रमा अस्वाभाविक नियन्त्रण जमाउन खोजेकाले सरकार कडा हुनुपरेको उल्लेख गर्दै इमानदार व्यवसायीलाई कुनै समस्या नहुने स्पष्ट पारे। उनले निजी क्षेत्रको समस्या समाधानका लागि आफ्नो पार्टीले स्पष्ट 'रोडम्याप' तयार गरिसकेको जानकारी दिँदै अब उद्योगीहरूलाई नेताको ढोका धाउनुपर्ने अवस्था अन्त्य गर्ने दाबी गरे ।

## स्थानीय तहमा उम्मेदवार बन्न रास्वपाको रुपरेखा

**दमक/** सत्तारूढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले आगामी स्थानीय तह निर्वाचनमा उम्मेदवार हुन चाहने पार्टी सदस्यहरूले क्यान्डिडेट क्लब र लिडरसिप एकेडमीबाट उत्तीर्ण हुनुपर्ने नियम बनाएको छ ।

प्रवक्ता मनिष झाका अनुसार आइतबार बसेको सचिवालय बैठकले उक्त प्रस्ताव पारित गरेको हो रास्वपाले पार्टी स्थापना गर्दा नै विधानमा उम्मेदवार क्लब (क्यान्डिडेट क्लब)को व्यवस्थाबारे उल्लेख गरेको छ ।

विधानको भाग- १९ अन्तर्गत धारा- ६३ मा यसबारे स्पष्ट व्यवस्था गरेको छ, जसमा 'सबै तहको निर्वाचनमा उम्मेदवारी दिन इच्छुक व्यक्तिहरूको तोकिएबमोजिम सम्बन्धित तहमा उम्मेदवार क्लब हुने' भनिएको छ ।

## जोखिमपूर्ण माईखोला–राजदुवाली खण्ड जोखिमपूर्ण

**दमक/** मेची राजमार्गअन्तर्गत राजदुवाली-माईखोला भञ्ज्याङ सडक जोखिमपूर्ण बनेको छ । निरन्तर वर्षा, हिलो र कमजोर सडक संरचनाका कारण करिब ३ किलोमिटर क्षेत्रमा सवारी जाम हुँदा यात्रुहरूले घण्टौं सास्ती व्यहोर्नु पर्ने गरेको छ । विशेषगरी माईखोला भञ्ज्याङ क्षेत्रमा बारम्बार पहिरो झर्ने, सडक भासिने र हिलो हुने समस्या पुरानै भए पनि समाधान हुन सकेको छैन । स्थानीयका अनुसार वर्षायाम सुरू भएसँगै समस्या झनै जटिल बन्दै जाने गरेको छ। दैनिक सवारी सञ्चालनमा अवरोध हुँदा यात्रु, व्यवसायी तथा आपतकालीन सेवासमेत प्रभावित हुने गरेका छन् । सामान्य वर्षामै सडक हिलोमय बन्ने र सवारी चिप्लिने जोखिम बढ्ने गरेको स्थानीयवासीको गुनासो छ ।

ईलाम १ का सांसद निस्कल राईले यो समस्याप्रति गम्भीर ध्यानाकर्षण भएको बताउँदै प्रधानमन्त्रीसँगको छलफलमा पनि यो विषय उठाइसकेको जानकारी दिएका छन् । दीर्घकालीन समाधान आवश्यक रहेको उल्लेख गर्दै उनले छिट्टै निकास निकाल्ने अपेक्षा व्यक्त गरे । सो सडक खण्डमा सुधारका कामहरु भइरहेको भएपनि दिगो समाधान देखिएको छैन। निर्माण ढिलाइ, प्राविधिक कमजोरी र भू-संरचनात्मक जटिलताका कारण समस्या यथावत रहेको सरोकारवालाहरु बताउँछन् । विज्ञहरूका अनुसार यस खण्डको स्थायी समाधानका लागि वैज्ञानिक ढङ्गले सडक निर्माण, पर्खाल तथा नाला व्यवस्थापन र प्रभावकारी पहिरो नियन्त्रण आवश्यक छ ।

## शक्तिशालीहरु सम्पत्ति छानबिनको दायरामा


**दमक/** सरकारले गठन गरेको सम्पत्ति छानबिन आयोगले शक्तिशाली राजनीतिक, प्रशासनिक तथा आर्थिक पहुँच भएका व्यक्तिहरुमाथि व्यापक अनुसन्धान सुरु गरेसँगै देशको राजनीतिक वृत्त तरंगित बनेको छ । आयोगले अवैध तथा अस्वाभाविक सम्पत्तिको खोजीलाई प्राथमिकता दिँदै छानबिन प्रक्रिया दुई चरणमा अघि बढाउने स्पष्ट योजना सार्वजनिक गरेको छ ।

सरकारले 'सम्पत्ति छानबिन आयोग, २०८३' गठन गरी राजपत्रमा सूचना प्रकाशित गरेसँगै आयोग औपचारिक रुपमा सक्रिय भएको हो । राजेन्[illegible]कुमार भण्डारीको अध्यक्षतामा गठित पाँच सदस्यीय आयोगमा न्याय, सुरक्षा र लेखा क्षेत्रका अनुभवी व्यक्तिहरु समेटिएका छन् । आयोगलाई २०४८ सालयता सार्वजनिक पदमा रहेका व्यक्तिहरुको सम्पत्ति छानबिन गर्ने व्यापक अधिकार दिइएको छ, जसले यसलाई हालसम्मकै शक्तिशाली अनुसन्धान संयन्त्रका रुपमा उभ्याएको छ ।

आयोगले पहिलो चरणमा २०६२/६३ देखि २०८२/८३ सम्मको अवधिमा पदमा रहेका व्यक्तिहरुको सम्पत्ति विवरण संकलन, प्रमाणीकरण र विश्लेषण गर्नेछ। त्यसपछि दोस्रो चरणमा २०४८ देखि २०६१/६२ सम्मको सम्पत्तिमाथि अनुसन्धान विस्तार गरिनेछ। यसले विगत तीन दशकभन्दा लामो अवधिको आर्थिक गतिविधि निगरानीमा ल्याउने देखिन्छ ।

छानबिनको दायरा निकै फराकिलो छ । पूर्वराजादेखि बहालवाला प्रधानमन्त्री, मन्त्री, सांसद, संवैधानिक निकायका पदाधिकारी, प्रदेश नेतृत्व, उच्च निजामती कर्मचारी र सुरक्षा निकायका अधिकारीहरु सबै यसमा समेटिएका छन् । साथै सरकारी बैंक, वित्तीय संस्था, विश्वविद्यालय तथा विभिन्न सार्वजनिक निकायका उच्च पदाधिकारीहरु पनि निगरानीमा छन् । अझ महत्वपूर्ण कुरा, आयोगले अस्वाभाविक रुपमा धनी देखिएका बिचौलिया तथा शक्ति केन्द्रसँग जोडिएका व्यक्तिहरुमाथि पनि अनुसन्धान गर्ने जनाएको छ । बाँकी ४ पेजमा ▸▸

# बाटो बन्यो, पुल बनेन



**दमक/** तमोर कोरिडोर सडक अन्तर्गत बाटो कालोपत्रे भए पनि पुल नहुँदा यात्रुले हैरानी पाउने बाध्यताको अन्त्य भएको छ । धनकुटाको मूलघाटदेखि पाँचथरको गणेश चोकसम्म ११० किलोमिटर सडकमध्ये ७३ किलोमिटर कालोपत्रे भइसकेको छ । बाँकी सडक पनि कालोपत्रेका लागि तयार गरिएको छ । सडक निर्माणको काम [illegible]त गतिमा अघि बढे पनि सडकमा पर्ने पुल निर्माण भने निक्कै सुस्त गतिमा भइरहेको छ । बाँकी ४ पेजमा ▸▸


**हाँसौ: स्वस्थ रहौं ।**

- हाँस्नु स्वास्थ्यका लागि लाभदायक हुन्छ,
- हाँस्ने र खुशी हुने बानीको विकास गरौं,
- तनाव, चिन्ता र निराशालाई कम गर्न हाँसौं,
- परिवार र साथीहरूसँग हाँसौं र रमाइलो समय बिताऔं,
- सकारात्मक सोच र उत्साहपूर्ण वातावरण सिर्जना गरौं,
- हाँस्ने योगमा सहभागी बनौं,
- अरूलाई खुशी बनाउने व्यवहार गरौं,
- सामाजिक सद्भाव र आपसी सम्बन्ध बलियो बनाऔं,
- मानसिक स्वास्थ्य सुधारमा हाँसोको भूमिका बुझौं,

*हाँसौं र हँसाऔं ।*

**नेपाल सरकार**
विज्ञापन बोर्ड

# सम्पादकीय

## सामुदायिक विद्यालयप्रतिको भरोसा बढाउन आवश्यक

मोरङको कानेपोखरी गाउँपालिकाले विद्यार्थी अभावका कारण दुईवटा सामुदायिक विद्यालय बन्द गर्नु र तीनवटा विद्यालयमा कक्षा घटाउनु सामान्य प्रशासनिक निर्णय मात्र होइन–यो नेपालको सार्वजनिक शिक्षा प्रणालीमा गहिरिँदै गएको संकटको संकेत हो। कक्षामा पाँच-छ जना विद्यार्थी मात्र बाँकी रहनु र विद्यालय नै बन्द गर्नुपर्ने अवस्था आउनु, केवल स्थानीय समस्या होइनह्य यो राष्ट्रिय प्रवृत्तिको प्रतिविम्ब हो ।

सरकार र स्थानीय तहले यस्तो निर्णय लिनु व्यवहारिक रुपमा गलत भन्न मिल्दैन। सीमित स्रोत, न्यून विद्यार्थी संख्या र कमजोर शैक्षिक वातावरणबीच विद्यालय सञ्चालन गर्नु प्रभावकारी नहुन सक्छ। विद्यार्थीलाई नजिकैको ठूला विद्यालयमा समायोजन गर्दा स्रोतको सदुपयोग र गुणस्तर सुधारको अपेक्षा पनि गर्न सकिन्छ। तर, यस्ता निर्णयले उठाउने मूल प्रश्न अझ गम्भीर छ–किन सामुदायिक विद्यालयहरुमा विद्यार्थी घटिरहेका छन ?

उत्तर स्पष्ट छ, तर स्वीकार्न असहज। निजी विद्यालयप्रतिको आकर्षण, सामुदायिक विद्यालयप्रतिको घट्दो विश्वास, गुणस्तरीय शिक्षाको अभाव र शिक्षण प्रणालीको कमजोर अवस्था यसको मुख्य कारण हुन्। अभिभावकहरुले आफ्ना सन्तानको भविष्य सुरक्षित देख्न चाहन्छन्, र उनीहरुलाई जहाँ राम्रो शिक्षा देखिन्छ, त्यतै लैजान्छन्। यो स्वाभाविक मानवीय व्यवहार हो। तर जब सार्वजनिक शिक्षा प्रणालीमै विश्वास हराउन थाल्छ, त्यो राज्यका लागि चिन्ताजनक संकेत हो ।

विद्यालय बन्द हुनु केवल भवन बन्द हुनु होइनह्य त्यो समुदायको शैक्षिक पहुँच संकुचित हुनु पनि हो। विशेषगरी ग्रामीण क्षेत्रमा विद्यालय टाढा हुँदा साना बालबालिकाको नियमित उपस्थितिमा समस्या आउन सक्छ । यातायात, आर्थिक अवस्था र सामाजिक परिवेशका कारण धेरै विद्यार्थी विद्यालय बाहिरिन सक्ने जोखिम पनि उत्तिकै हुन्छ। त्यसैले 'समायोजन' को निर्णयले दीर्घकालीन प्रभाव के पार्छ भन्ने गम्भीर मूल्यांकन आवश्यक छ ।

अर्कोतर्फ, "प्रत्येक कक्षामा कम्तीमा १० विद्यार्थी अनिवार्य" गर्ने निर्णय व्यवस्थापनका दृष्टिले उचित देखिए पनि यसले समस्या समाधान गर्छ कि झन् जटिल बनाउँछ भन्ने प्रश्न उठ्छ । यदि मूल समस्या गुणस्तरको हो भने, संख्या तोक्ने नियमले मात्र समाधान दिनेछैन। बरू, यसले साना समुदायका विद्यालयहरु थप जोखिममा पार्न सक्छ ।

यो अवस्था केवल स्थानीय तहको कमजोरी होइनह्य यो संघीय, प्रदेश र स्थानीय तहबीचको समन्वय अभावको परिणाम पनि हो । शिक्षा नीतिमा स्पष्ट दीर्घकालीन दृष्टिकोण, शिक्षक व्यवस्थापनमा सुधार, पाठ्यक्रमको आधुनिकीकरण र विद्यालयप्रतिको जनविश्वास पुनःस्थापना बिना यस्तो समस्या समाधान हुँदैन ।

नेपालमा शिक्षा नीतिहरु पटक-पटक परिवर्तन भए, तर कार्यान्वयनमा निरन्तरता र उत्तरदायित्वको अभाव रहँदै आएको छ । विद्यालय भवन बनाउने, दरबन्दी थप्ने वा मर्ज गर्ने निर्णयहरु सजिला छन्ह्य तर गुणस्तरीय शिक्षा सुनिश्चित गर्नु कठिन छ–र त्यही चुनौतीलाई राज्यले पर्याप्त रुपमा सम्बोधन गर्न सकेको छैन । अन्ततः, विद्यालय बन्द हुनु लक्षण हो, रोग होइन। रोग भनेको सार्वजनिक शिक्षा प्रणालीप्रतिको घट्दो विश्वास हो । जबसम्म राज्यले यो विश्वास पुनःस्थापित गर्न सक्दैन, तबसम्म यस्ता निर्णयहरु दोहोरिरहनेछन् । प्रश्न अब स्पष्ट छ–के हामी विद्यालय बचाउने प्रयास गर्दैछौं, वा शिक्षा प्रणाली गुमाउँदैछौं ?

# गीता र भौतिक विज्ञान



बाँस्कोटा धनञ्जय
baskota69@gmail.com

गीताले अनन्त अस्थित्वको वकालत गरेको छ, जस्तो कि आत्मा । यो अविनाशी छ । अनन्त छ । नष्ट हुँदैन, तर रुपान्तरित भने हुन्छ । त्यस्तै भौतिक विज्ञानले ऊर्जालाई पनि अविनाशी भन्छ, जुन कुरा 'ल अभ थर्मोडाइनामिक्स' मा उल्लेख छ । त्यस्तो अनन्तत समय भूगोलभन्दा पर गइरहेको हुन्छ ।

आज ज्ञान भनेको सामाजिक सञ्जाल भएको छ । विचार भनेको सामाजिक सञ्जालका 'अराजक' विचार बनेको छ । दार्शनिक र वैज्ञानिक भनेका पनि समाजिक सञ्जालका अराजक मान्छेहरु भएका छन् । यसर्थ, ज्ञानको अर्को आयाम पस्किन मन लाग्यो आज । राजनीतिको 'घृणित' खेलबाट अलिकति पर जाँदैछु आज । वास्तवमा ज्ञान शास्त्रमा छ । त्यो सनातनशास्त्र होस वा आधुनिक विज्ञानशास्त्र ।

**आज म यसैमा छु ।**

हिन्दु सनातन दर्शन र परम्पराको एउटा रत्न हो भागवत गीता । यसले बोकेका ज्ञान र आदर्शहरुको भारी पुलिन्दाले संसारभरका अनुसन्धानकर्ताहरुलाई आश्चार्यचकित बनाएको छ । किनभने यसले बोकेको ज्ञान, विज्ञान र दर्शन् यतिधेरै भारी छ कि आज हर अनुसन्धाकर्ताहरु यसैलाई समातिरहेका छन् र खोजिरहेका छन् यस भित्रको गहिराई ।

२० औं शताब्दीसंगै आधुनिक भौतिक विज्ञानको खोज र प्रयोग सुरु भयो । अनि सापेक्षता र क्वान्टम सिद्धान्तहरु आए यो जगतलाई पढ्न र बुझ्न । अनि ब्रम्हाण्डको बारेमा जान्न । ब्रम्हाण्ड र क्वान्टम दुबै विषयको अन्वेषण गर्न ।

ती अन्वेषणहरुले दिव्य प्रकाश र चेतनाको सहकार्य देख्छन अध्यात्म र भौतिकशास्त्रमा । समानता देख्छन् । गीताको ज्ञान र आधुनिक भौतिकशास्त्रको खोजी र व्याख्यामा अहिले निकै समय गुज्रिरहेको छ ।

वास्तविकताको बारेमा, मायाँको बारेमा, भ्रमको बारेमा गीतामा भगवान श्रीकष्णले अर्जुनलाई गरेको व्याख्याले यो संसार क्षणिक, भ्रामक, अव्यक्त छ भनेको छ । हामीले हाम्रा इन्द्रियहरुमार्फत जे बुझ्छौं, त्यो वास्तविक पनि होइन, सत्य पनि होइन । बरु यो त सत्यको पर्दा चाहिं हो (गीता, ९: ५) ।

यसरी नै आधुनिक भौतिक विज्ञानको महान उपलब्धी भनेको क्वान्टम सिद्धान्त हो, जसले वास्तविकताको विरोधाभाष प्रस्तुत गर्दछ । हाइजेनबर्गको सिद्धान्त नै अनिश्तिताको सिद्धान्त हो । यसले कण र गतिलाई एकैपटक जान्न सकिन्न भन्छ । क्वान्टम सुपरपोजिसनले कणहरु मापन नभएसम्म तिनका अवस्थाहरु अनेक हुन्छन् र यो अवलोकनमा भर पर्छ भन्छ । अर्जुनले युद्धको वास्तविकता र कृष्णले गरेको व्याख्या दुवै सत्य देख्छन्, त्यसले अन्तरज्ञानलाई चुनौती दएको ठहर्छ । यसरी नै भौतिकशास्त्रले इलेक्ट्रोनिकलाई तरंग र कण दुवै देख्छन् र अन्तरज्ञानलाई चुनौती दिइरहेको हुन्छ । अस्थित्वको बारेमा गीता र क्वान्टम सिद्धान्तमा समानता छ । गीताले सबै अस्थित्वको एकतामा जोड दिएको छ । सबै कुरा ब्रम्हको अभिव्यञ्जना हो । त्यो शाश्वत छ, निराकार छ, सर्बब्यापी र वास्तविक छ (गीता, ६:२९) ।

गीताको यही शाश्वत कुरालाई क्वान्टम सिद्धान्तले अँगालेको छ । यस सिद्धान्त अनुसार विशाल दूरीले छुट्याएका कणहरुले एकअर्कालाई तुरुन्तै प्रभाव पार्छन्, र यसलाई आइन्स्टाइनले 'दूरीमा डरलाग्दो कार्य' भने । यसले ब्रम्हाण्डमा अकल्पनीय, गहिरो र अन्तर्निहीत एकताको आव्हान गर्छ । किनभने सबै चिजहरु समयभन्दा बाहिर एकअर्कासंग जोडिएका छन् । जस्तो कि एउटा कणलाई दूरीको वास्ता नगरी नापियो भने यसको जोडी, अर्थात अर्को पाटोलाई असर पर्छ । यसले उल्झन मात्र खडा गरिदिन्छ । अर्कालाई हानी गर्नु भनेको आफैलाई क्षति गर्नु हो ।

समय र सापेक्षताको बिषयमा पनि गीता र आधुनिक भौतिकविज्ञानको समान धारणा देखिन्छ । गीतामा समय चक्रिय छ भनिएको छ । ब्रम्हाण्डमा सृष्टिको उद्घाटन र बिघटन बारबार भइरहन्छ । युगको चक्र चलिरहन्छ । सबै प्राणीहरु जन्मन्छन्, अनि मृत्युबाट गुज्रिन्छन् । तैपनि आत्मा चाहिं शाश्वत रहन्छ । यो भनाइ गीतामा छ । त्यस्तो कहिल्यै समय थिएन । भूत, बर्तमान र भविष्य सबै अस्थित्वबिना गुज्रिने गर्छन् (गीता, २:१२) ।

यही आत्मा अमर रहने कुरालाई क्वान्टमको सिद्धान्त अनुसार हेरिएको छ । क्वान्टममा पर्यवेक्षकको भूमिका केन्द्रीय हुन्छ, र घटनाको परिणाम अवलोकन नभएसम्म निर्धारण हुँदैन । त्यो अवलोकनकर्ता भनेको आत्मा हो । ऊ जागरुक नभइ कुनै पनि परिणाम आउँदैन भनेको हो । चेतनाले नै वास्तविकतालाई मौलिक र आधारभूत बनाउँछ । यही चेतनाले भ्रमहरु समाप्त पार्न सक्छन् । सबै द्वैतहरु भ्रम हुन् । दुख सुख पनि भ्रम हो । जाडो गर्मी पनि भ्रम हो । मान्छे यसबाट बिचलित हुनुहुँदैन । गीतमा यसो भनिएको छ ।

यही कुरालाई क्पानटम सिद्धान्तले स्विकार गरेको छ । तरंग र कणको द्वैतले प्रकाश र पदार्थ दुबै कण र तरंगको रुपमा व्यवहार गर्छ र कुनै एकको मात्र अस्थित्वलाई अस्वीकार गर्छ ।

बहुविश्वको परिकल्पना भगवान श्रीकृष्णले आफू विश्वरुप भएको र त्यसमा अनन्त ब्रम्हाण्ड, अनन्त समय, अनन्त प्राणीहरु, अनन्त रुपहरु, अनन्त आकार प्रकार र रंग, संसारको विनासकर्ता समावेश छन् भनेका छन् (गीता ११.३२) । यही कुरा आधुनिक भौतिशास्त्रले सकार्दै यो ब्रम्हाण्डमका समानान्तर भौतिक नियमहरु भएका धेरै ब्रम्हाण्डहरु छन् । क्वान्टमको 'सुपरपोजिसन' सिद्धान्तले त हाम्रो बुझाइ भनेको धेरै सत्यहरुमध्ये एउटा हो भन्छ । यसले यो ब्रम्हाण्डको बिराट रुपको अनन्तताको ब्याख्या गर्छ । वास्तविकता बहुआयामिक हुन्छ, दायरा अनन्त हुन्छ । वास्तविकताको बहुलता हुन्छ । र प्रत्येक सम्भावना एउटा अलग अलग वास्तविकताको अस्थित्वमा छ । त्यस्तै भगवान श्रीकृष्णले आफ्नो विश्वरुपलाई 'काल अर्थात् समय' वा 'संहारक' भनेर आफूलाई चिनाउँछन् जुन कुरा क्वान्टमको 'भर्चुअल पार्टिकल्सले' यो ब्रक्हाण्डमा निरन्तर सृजना र विनाश भइरहन्छ भनेर ब्रम्हाण्डको गतिशीलतालाई सकार्छ ।

गीताले स्वतन्त्र इच्छालाई निश्चयवादसंग मिलाउँछ । कर्म र त्यसको परिणामले जन्म र मृत्युको चक्रलाई सञ्चालन गरिरहेको हुन्छ भनेर कृष्णले अर्जुनलाई बताउँछन् । त्यसमा निश्कर्मको महत्व पनि दर्शिन्छ । कर्म गर, तर फलको आशा नगर (गीता, २: ४७) ।

यही कुरा भौतिकशास्त्रमा पनि उल्लेख छ । क्वान्टम सिद्धान्तले परिणामहरु निश्चित नहुने तर सम्भाव्यता वितरणबाट नियन्त्रित हुन्छ भन्छ । । अनि अस्थित्व स्वतन्त्र रहन्छ । सम्भावना जति पनि छ, तर निश्चित कुनै पनि छैन । स्पष्ट भएर काम गर्दा पनि अनिश्चयताले घेरिरहेको हुन्छ यो भौतिक संसारमा ।

ऊर्जा र पदार्थको बारेमा गीतामा अर्जुन भन्छन् कि सबै पदार्थ प्रकृति (उनी) बाट उत्पन्न हुन्छन् । ऊर्जा नै प्रकृति हो, ब्रम्हाण्डको आत्मा हो । ब्रम्हाण्ड जन्मिन्छ, धारण गर्छ, र उनीमै विलिन हुन्छ, तर उनी अपरिवर्तनीय हुन्छन् । भौतिक संसार एक चेतना र ऊर्जाको रुप हो । पृथ्वी, पानी, अग्नि वायु, आकास, मन, बुद्धि र अहंकार भगवानका आठ गुण ऊर्जा नै हुन् (गीता, ७.४) । यही कुरा अल्वर्ट आइन्स्टाइनको समीकरण भ. mअद ले ऊर्जा र पदार्थलाई एकै ठाउँमा ल्याउँछ, संघर्ष गराउँछ र शक्ति उत्सर्जन गर्छ । पदार्थ त केवल संकुचित ऊर्जा हो ।

त्यस्तै गरी मृत्यु र अमरताका बारेमा गीता र आधुनिक भौतिक विज्ञानको राय समान देखिन्छ । कहिल्यै पनि नमर्ने आत्मा । मृत्यु भनेको कपडा फेरे जस्तै हो । कपडा फेरिन्छ, अनि शरीर जीर्ण भएर जान्छ ( गीता, २.२२)। यही कुरालाई आधुनिक भौतिकशास्त्रले अंगालेको छ । त्यो आत्मालाई ऊर्जा मानिएको छ । र त्यो ऊर्जा कहिल्यै पनि नष्ट हुँदैन, केवल रुपान्तरित हुन्छ । ऊर्जाले अवस्था परिवर्तन गर्छः जस्तो कि ठोस तरल बन्छ, तरल ग्यास बन्छ । ऊर्जाले स्थान र रुप परिवर्तन गर्छ । यो कुराको समानता यी दुवै क्षेत्रमा पाइन्छ । भौतिकशास्त्रले प्रकृतिको अन्तर्दिष्टि पस्किन्छ भने गीताज्ञानले अनुभवजन्य चिन्तन र अवलोकनमार्फत अन्तर्दिष्टि पस्किन्छ ।

श्रीमद् भागवता गीता र आधुनिक भौतिक विज्ञानमा अनन्तताको बारेमा धेरै समानता छन् । गीताले अनन्त अस्थित्वको वकालत गरेको छ, जस्तो कि आत्मा । यो अविनाशी छ । अनन्त छ । नष्ट हुँदैन, तर रुपान्तरित भने हुन्छ । त्यस्तै भौतिक विज्ञानले ऊर्जालाई पनि अविनाशी भन्छ, जुन कुरा 'ल अभ थर्मोडाइनामिक्स' मा उल्लेख छ । त्यस्तो अनन्तत समय भूगोलभन्दा पर गइरहेको हुन्छ । भगवान अर्थात् ब्रम्ह (परम चेतना) समय, स्थान र कारणबाट मूक्त छन् ( गीता, ११.३२) । यही कुरा 'क्वान्टम थ्योरी' र 'थ्योरि अफ रिलेटिभिटी' ले समय र स्थान सापेक्ष हुन्छन् भन्छन् । 'बिग ब्यांग' वा 'ब्लयाक होल' ले पनि समयको कुनै निश्चित अर्थ हुँदैन भन्छन् । यसर्थ गीता र आधुनिक भौतिकशास्त्रले समय र स्थानलाई निरपेक्ष मान्दैनन् । अनि दुवैले अदृष्य बस्तुहरुको अस्थित्वलाई स्विकार गरेका छन्, जस्तो कि आत्मा र कणहरु ( प्रोटोनहरु) देखिन्नन् तर मापन हुन्छन् । अनि ती शक्तिशाली पनि हुन्छन् । अनि उपस्थित पनि छन् (गीता, ९.४) । यही कुरा क्वान्टम सिद्धान्तले अँगाल्छ र दावी गर्छ कि कणहरु र ऊर्जा संपूर्ण ब्रम्हाण्डमा फैलिएको हुन्छ । चेतना र बल सबै ठाउँमा छ । यसैले, यस ब्रम्हाण्डमा केही तत्वहरु छन् जुन न उत्पति हुन्छन्, न त नाश नै हुन्छन् । ती अनन्त छन्, अविनाशी छन् । ब्यापक छन् । जताततै छन् । शरीरमा छन् । पदार्थमा छन् । रुप बदल्छन्, तर सकिंदैनन् । ती जन्मिदैनन् पनि र मर्दैनन् पनि । आज, वास्तवमा हिन्दु सनातन ज्ञानलाई 'थुक्न सिकाउने' अज्ञानी 'राजनीतिका पण्डित' हरुलाई यो लेख मार्फत् सबक सिकाउनु थियो ।

तर दुर्भाग्य, तिनले सिक्नेवाला छैनन् ।
दमक, झापा

## सामाजिक सञ्जाल



युवराज लामा

### पहिला विरोध पछि प्रशंसा नेपाली संस्कार

तत्कालीन एमाओवादी प्रधानमन्त्री डा. बाबुराम भट्टराईले काठमाडौं लगायत देशभर सडक फराकिलो बनाउने अभियान चलाउँदा पनि व्यापक विरोध भएको थियो। पछि विरोध गर्नेहरू नै भजन गाएको सुनियो । जुन दिन सच्चा सुकुम्बासीहरू व्यवस्थित भई लालपुर्जा प्राप्त गर्छन्, प्रम बालेन्द्र शाहको फेरि जयजयकार हुन्छ; तर हुकुम्बासी फटाहा लुटाहाहरू भने विरोध गरिरहन्छन् । नेपोलियन थर्डको सत्तामा जोर्जेज इगुने हौसमनले पेरिसलाई फराकिलो र व्यवस्थित बनाउँदा पनि व्यापक विरोधको सामना गर्नुपरेको थियो ।

*नोटः सबैले याद राख्नुहोस्, म प्रम बालेन्द्र शाहलाई व्यक्तिगत रूपमा चिन्दिन ।*

## विश्व प्रेस स्वतन्त्रता दिवसमा राष्ट्रपति पौडेलको शुभकामना

**दमक**/ राष्ट्रपति रामचन्द्र पौडेलले 'नेपाली सञ्चार जगत्लाई संविधानप्रदत्त अधिकारको पूर्ण प्रयोग र रक्षार्थ निर्भयपूर्वक सक्रिय भई आमनागरिकलाई सत्य सूचना सम्प्रेषित गर्न सधैं सफलता प्राप्त होस्' भनी शुभकामना दिएका छन् ।

विश्व प्रेस स्वतन्त्रता दिवस (मे ३), २०२६ का अवसरमा आज स्वदेश तथा विदेशमा रहेकासम्पूर्ण पत्रकार, नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा शुभकामना व्यक्त गर्दै राष्ट्रपति पौडेलले भनेका छन्, 'स्वतन्त्र पत्रकारितामार्फत सत्यको अन्वेषण र तथ्यको सम्प्रेषण गरी समाजमा सही तथा सत्य कुरा स्थापित गर्न विशेष ध्यान दिनु पर्दछ ।'

प्रेस स्वतन्त्रता लोकतन्त्रको आधारस्तम्भ भएकाले लोकतन्त्रका लागि भएका विभिन्न आन्दोलनमा प्रेसको भूमिका महत्त्वपूर्ण रहेको राष्ट्रपति पौडेलले उल्लेख गरे । प्रेस स्वतन्त्रता नागरिकको सुसूचित हुन पाउने संवैधानिक हक कार्यान्वयन गर्न पनि उत्तिकै महत्त्वपूर्ण हुने र प्रेस जति निष्पक्ष, स्वतन्त्र र सबल हुन्छ, लोकतान्त्रिक व्यवस्था पनि त्यति नै सुदृढ हुँदै जाने उनको भनाइ छ ।

राष्ट्रपति पौडेलको शुभकामना सन्देशमा भनिएको छ, 'प्रेस स्वतन्त्रता सुनिश्चित गर्दै पत्रकारलाई सञ्चार कार्य गर्नका लागि सुरक्षित वातावरण हुनु पर्दछ, हाम्रो संविधानले पूर्ण प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको प्रत्याभूत गरेको छ। सूचना सङ्कलनदेखि प्रवाह गर्ने प्रक्रियासम्म स्वतन्त्र एवं निर्बाध रूपमा संलग्न भई समाचार सम्प्रेषण गरी सबै वर्ग एवं समुदायको आवाज मुखरित हुनुपर्दछ ।'

बढ्दो सामाजिक सञ्जालको प्रयोग तथा यसका माध्यमबाट प्रवाहित हुनसक्ने मिथ्या र भ्रामक सूचनाले नागरिकलाई दिग्भ्रमित पार्न सक्ने तथा विद्यमान प्रणालीलाई कमजोर बनाउने चुनौती हाम्रोसामु भएको उल्लेख गर्दै राष्ट्रपति पौडेल त्यस्ता चुनौतीको सामना गर्दै जनतालाई सत्य, तथ्य र विश्वसनीय सूचना प्रवाह गर्न आजको दिनले नेपाली प्रेस जगत्लाई थप ऊर्जा, हौसला र उत्प्रेरणा देओस् भन्ने कामना गरेका छन् ।

गंगा ट्राभल्स एण्ड टुर्स
हाम्रा सेवाहरुः
➢ राष्ट्रिय तथा अन्तराष्ट्रिय सस्तोमा हवाई टिकट
➢ भारतका लागि रेल, बसको टिकट
➢ बैदेशिक रोजगारीको लागि श्रम स्वीकृति
➢ टुर प्याकेज तथा मनि ट्रान्सफर(IME)को सुविधा
Pre-Purchased fare"Ktm to Doha, Dubai, Kuwait "UAE Visit Visa available
Are you going to India ?
Special Pre Purchase fare for India
Indigo, Spice Jet, Air Asia, Vistara, Akasa air
बागडोगराबाट दिल्ली, कोलकाता, मुम्बई, अहमदाबाद,
बागडोगरा
गंगा ट्राभल्स एण्ड टुर्स
दमक-५, बेलडाँगी रोड, डिम्याक्स सिनेमा अगाडी, ओम शान्ति डेन्टल हस्पिटलसँगै फोन:०२३-५७५३११/९८४२६४५१३६/९८१४९८५७२०

अत्याधुनिक प्रविधिद्वारा उत्पादित
नयाँ झापाली इटा बजारमा
झापाली इटा
ठूलो साइजको ईटा उपलब्ध छ ।
सम्पर्कका लागिः
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

पानासोनिक इलेक्ट्रोनिक्स वर्ल्ड, दमक-८, झापा
विगत दुई दशक अगाडीदेखि तपाईहरुको सेवामा समर्पित यस मर्मत केन्द्रले सबै प्रकारका LED, TV, Online UPS इनभर्टर सर्वो स्टेपलाइजर, Sound System, Speeker, ब्याट्री चार्जर, वेल्डिङ मेशिन साथै मोटर, पंखा, फ्रिज, AC वासिङ मेशिन, काँटा सुलभ दरमा ग्यारेन्टीका साथ मर्मत गरिन्छ ।
साथै यहाँ अर्डर अनुसार सबै प्रकारका UPS, इनभर्टर, स्टेपलाइजर नयाँ तयार गर्नुका साथै सबै प्रकारका रिमोट र इलेक्ट्रोनिक पार्टसहरु, सेकेण्डहेण्ड मोटर र फेन पाइन्छ ।
नोट :
१) मेडिकल हस्पिटलमा प्रयोग हुने सबै सामानहरु मर्मत गरिन्छ ।
२) यहाँ होम सर्भिसको सेवा पनि उपलब्ध छ ।
३) सबै प्रकारका सेकेण्डहेण्ड सामान पनि बिक्री गरिन्छ ।
प्रो. मनोज सिंह
९८४२६२०९३०/९८०४९३१६३९/०२३-५८३१४७

ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त
झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
दमक :
देवीप्रसाद सिटौला
(९८४२७६०२६५/९८२४९७९१८५)
बिर्तामोडः
राजकुमार श्रेष्ठ
९८०६०१०४१०

## संक्षेप

### सुनको मूल्य घट्यो

**दमक/** नेपाली बजारमा आइतबार सुनको मूल्यमा सामान्य गिरावट आएको छ । चाँदीको मूल्य भने वृद्धि भएको छ । नेपाल सुनचाँदी व्यवसायी महासंघले सार्वजनिक गरेको विवरण अनुसार आज सुनको मूल्य प्रतितोला एक हजार रुपैयाँले घटेको हो ।

महासंघका अनुसार आइतबार छापावाल सुनको मूल्य प्रतितोला २ लाख ९५ हजार १०० रुपैयाँ कायम गरिएको छ । यसअघि शुक्रबार सुन प्रतितोला २ लाख ९६ हजार १०० रुपैयाँमा कारोबार भएको थियो। आज १० ग्राम सुनको मूल्य २ लाख ५३ हजार रुपैयाँ तोकिएको छ ।

### गभर्नर विश्वनाथ जोगिए

दमक । प्रधानमन्त्री बालेन्द्र शाह नेतृत्वको सरकारले प्रशासनिक संरचना पुनर्गठनका लागि ल्याएको नयाँ अध्यादेश कार्यान्वयनमा आएको छ। राष्ट्रपति रामचन्द्र पौडेलले 'सार्वजनिक पदाधिकारीको पदमुक्त सम्बन्धी विशेष व्यवस्था अध्यादेश, २०८३' जारी गरेसँगै सरकारद्वारा नियुक्त १ हजार ५ सय ९४ जना पदाधिकारीहरू पदमुक्त भएका छन् ।

यद्यपि, केही महत्वपूर्ण वित्तीय निकायहरू भने यो प्रशासनिक 'क्लिन स्वीप' बाट जोगिएका छन्। प्रधानमन्त्रीका प्रेस विज्ञ दीपा दाहालका अनुसार राष्ट्र बैंक ऐनलाई अध्यादेशको संशोधन सूचीमा नराखिएकाले गभर्नर विश्वनाथ पौडेल पदमै रहेनेछन्। त्यस्तै, नेपाल बैंक, कृषि विकास बैंक र राष्ट्रिय वाणिज्य बैंकका पदाधिकारीहरूको नियुक्तिमा पनि हालको व्यवस्थाले कुनै असर नगर्ने देखिएको छ ।

### बालेनको समर्थनमा रेशम चौधरी

**दमक/** नागरिक उन्मुक्ती पार्टी नेपालका संरक्षक रेशम चौधरी प्रधानमन्त्री बालेन शाहले १ महिनामै चमत्कार गरेको भन्दै तारिफ गरेका छन् । उमेरले मात्र नभई भिजन र कार्यक्षमताले पनि बालेन साँच्चिकै युवा हुन् भन्ने कुरा प्रमाणित गरेको चौधरीको भनाई छ । सुशासन कायम गर्नका लागी बालेन सरकारले लिएको एक्सनले भ्रष्ट नेताहरुको सातो गएको समेत उनले टिप्पणी गरेका छन् । सरकारका राम्रा कामहरुको पक्षमा आफु अडिक भएर उभिने समेत उनले प्रतिवद्धता व्यक्त गरेका छन् ।

# बाली रोप्नु अघि नै समर्थन मूल्य तोकिने



**दमक/** कृषकले अब बाली रोप्नुअगावै नै प्रमुख बालीहरूको न्यूनतम समर्थन मूल्य (एमएसपी) बारे जानकारी पाउने भएका छन् । कृषि तथा पशुपन्छी विकासमन्त्री गीता चौधरीले न्यूनतम समर्थन मूल्य र न्यूनतम खरिद मूल्य निर्धारणसम्बन्धी निर्देशिका २०८२ जारी गरेकी छन् । कृषि मन्त्रालयले नयाँ निर्देशिका कार्यान्वयनमा ल्याउँदै बाली लगाउनुअघि नै धान (बर्खे र चैते), मकै, गहुँ र कोदोलगायत बालीको न्यूनतम समर्थन मूल्य तोक्ने व्यवस्था गरेको हो । उखुको हकमा भदौ ३० गतेसम्म 'फिल्ड' सर्वेक्षण तथा तथ्याङ्क सङ्कलन गरिनेछ भने असोज १५ गतेसम्म विश्लेषण प्रतिवेदन तयार हुनेछ । त्यसपछि कात्तिक १० गते प्राविधिक समितिबाट सिफारिस भई कात्तिक ३० गतेसम्म अन्तिम सिफारिस पेस गरिने मन्त्रालयले जनाएको छ ।

त्यस्तै, गहुँका लागि साउन ३० गतेसम्म सर्वेक्षण, भदौ १५ गतेसम्म प्रतिवेदन, असोज ९ गते प्राविधिक सिफारिस र असोज ३० गते अन्तिम सिफारिस गर्ने कार्यतालिका छ । चैते धान, बर्षे धान, बर्षे मकै र कोदोका लागि पनि क्रमशः मङ्सिरदेखि बैशाखसम्म विभिन्न चरणमा अध्ययन, विश्लेषण र सिफारिस प्रक्रिया सम्पन्न गरिने व्यवस्था गरिएको छ । सरकारले बाली रोपाईअघि नै न्यूनतम समर्थन मूल्य निर्धारण गर्ने उद्देश्यसहित यस्तो कार्यतालिकासहितको निर्देशिका ल्याएको जनाएको छ ।

## पुस्तक-सामार

### सोच बदलौं, जिन्दगी बदलौं

तपाईको दिमागमा अनौठो शक्ति छ

### लोम्बार्डी टाइमको अभ्यास गर्नुस्

✍ ब्रायन ट्रेसी

क्रमागत:

मानिसलाई राम्रो सेवा दिनुस्, मौका हो । किनकि मानिसको समस्या र जरूरत असीमित छ, यसैले हर काम समस्या सुल्झाउने र अरुको आवश्यकता पूरा गर्ने एक तपाईले योग्यता साबित गर्ने मौका पनि खूब पाइरहनु हुन्छ ।

भाग्यको हर ढोका, मानिसलाई कुनै न कुनै प्रकारले राम्रो सेवा दिने सोचका साथ खुल्छ । लगभग सबै व्यापारी, जो कुनै सफल कम्पनी बनाउँछन्, तिनीहरूले पहिला पनि अरू कुनै कम्पनीमा काम गरिसकेका हुन्छन्, जहाँ उनीहरूले हर समय आफूलाई कम्पनीको लागि धेरै उपयोगी साबित गर्ने तरिका निरन्तर खोजे होलान् ।

घन जम्मा गर्नको लागि, जरूरी आधारभूत कुरा हुन् समय र ज्ञान । तपाईले आफ्नो जानकारी र ज्ञानलाई निरन्तर बढाइ रहनुपर्छ, ताकि तपाई जुन काम गरिरहनु भएको छ त्यो अरू राम्रो होस् । लगभग चार सय वर्षभन्दा पनि पहिला, फ्रांसिस बेकनले भनेका थिए ज्ञान नै शक्ति हो । तर यो अंशतः सही छ । जब ज्ञानलाई कुनै राम्रो काममा लगाइन्छ भने तब त्यो शक्ति कहलिन्छ । तपाईको काम यस्तो ज्ञान प्राप्त गर्नु हो जसले तपाईको कामलाई धेरै तेज र राम्रो बनाउन सकोस् ।

टेक्सासमा एउटा भनाइ प्रख्यात छ, एक लडाइमा कुकुरको आकारले कुनै फरक पर्दैन, फरक यो कुराले पर्छ कि कुकुर कति ठूलो लडाईमा फसेको छ

महत्वपूर्ण कुरा के हैन भने तपाईले कति घण्टा काम गर्नुभयो, महत्वको कुरा हो, तपाईले ती घण्टामा काम राम्रो बनाउनको लागि कति समय दिनुभयो । तपाईको सफलता यो कुरामा निर्भर छ, एक कर्मचारी या एक मालिकको हैसियतले, कम्पनीको मजदूर या कम्पनीको मालिकको हैसियले तपाई आफ्नो वर्तमानको कामलाई कम्पनीको लागि कति राम्रो तरिकाले गर्न सक्नुहुन्छ । यसैले तपाईको कमाई र तपाईको आर्थिक भविष्यलाई निर्धारित गर्छ ।

**कामलाई मूल्यवान बनाउनुस्**

आम भाषामा भन्ने हो भने सफल मानिसको उत्पादन क्षमता असफल मानिसको भन्दा धेरै हुन्छ । सफल मानिसको बानी राम्रो हुन्छ । उनीहरू ठूलो सपना देख्छन् । उनीहरू लिखित लक्ष्यका साथ काम गर्छन् । उनीहरू त्यही काम गर्छन् जुन उनीहरूलाई मनपर्छ र राम्रोभन्दा राम्रो हुनको लागि सतत प्रयास गरिरहन्छन् । उनीहरू आफ्नो नैसर्गिक क्षमताको पूरा प्रयोग गर्छन् । क्रमशः

## आर्थिक

# वृहत् उत्पादनका लागि सामुहिक खेती

**ईलाम/** कृषि उपजको थोक तथा वृहत उत्पादनका लागि ईलामको माईजोगमाईका किसानले सामुहिक खेतीको अभ्यासलाई अघि बढाएका छन् । माइजोगमाई गाउँपालिका-४ नामसालिङ गाउँका १६ परिवारले सामुहिकखेती गर्दै आएका छन् । एक सय रोपनी जमिनमा अकबरे, टमाटर, क्याप्सिकन र काँक्रा गरेर ५० हजार बढी बिरुवा लगाइएको छ । यो सामुहिक खेतीबाट गत वर्ष ३० लाख रुपैयाँ आम्दानी भएको थियो । यस वर्ष ७० लाख आम्दानी लिने लक्ष्य छ ।

कृषक निश्चल राईका अनुसार यसरी गाउँलेले सामूहिक खेती गरेको ६ वर्ष भयो । तर, समूह वा संस्था गठन गरिएको छैन । मलेसिया तीन वर्ष बसेर गाउँ फर्केपछि खेतीमा जाँगर चलेको उनले बताए । छ वर्षअघि आठ हजार बिरुवा लगाएर सामूहिक खेती सुरु गरिएको थियो । अहिले गोलभेँडा ४५ हजार, अकबरे १५ हजार, भेडे खुर्सानी ७००, काँक्रा ५०० को हाराहारीमा लगाइएको निश्चलको भनाइ छ । समूह गठन नभए पनि आपसी सम्झदारीले अहिलेसम्म कुनै विवाद भएको छैन ।

उत्पादन भएका कृषिउपज बिक्री गर्न झापा लगिन्छ । तर, सरकारले कृषिजन्यउपजको दररेट नतोकेका कारण किसानले पाउने मूल्यको टुङ्गो नहुने उनले जनाए । नामसालिङ कृषि उत्पादनको उर्वर भूमि हो । यो ठाउँको इतिहास मलिलो ठाउँका रूपमा परिचित छ । यहाँका मानिसहरु अधिकांश पढेलेखेका पनि छन् । तर, सरकारले माटो परीक्षणसम्म गरेको छैन । गाउँपालिकाले खाद्यान्नमा आत्मनिर्भर बन्न एक वडा एक उत्पादन कार्यक्रम गरिरहेको छ । छवटै वडामा



विभिन्न खेती छनोट गरेर व्यावसायिक कृषक, कृषि फर्म, समूह वा सहकारीलाई अनुदान वितरण गरिरहेको छ । पालिकाले यस वडामा अकबरेखेती छनोट गरेको छ । गत वर्ष अकबरे किसानले अनुदान पनि पाएका थिए ।

# भाइरल घर, वास्तविकता र राजनीतिक व्याख्या

**दमक/** पछिल्लो समय सामाजिक सञ्जालमा रास्वपा सांसद केपी खनालको तीन तले घरलाई लिएर विभिन्न टीकाटिप्पणी भइरहेका छन् । 'बालेनको साथीको घर' भन्दै उक्त तस्विर भाइरल बनाइएपछि खनालले आफ्नो बचाउ गर्दै घर निर्माणको स्रोत र जग्गाको बारेमा स्पष्टीकरण दिएका छन् ।

खनालले उक्त घर आफ्नो व्यक्तिगत कमाइले नभई आमा-बुवाको दशकौं लामो परिश्रमको फल भएको बताएका छन् । घर ऐलानी जग्गामा बनेको भन्ने प्रश्नमा खनालले सुदूरपश्चिमको तराई क्षेत्रमा धेरैजसो घरहरू ऐलानी जग्गामै रहेको उल्लेख गरेका छन् ।

उनले भनेका छन्, 'यो कुनै सार्वजनिक जग्गा वा सरकारी कार्यालयको जग्गामा बनेको होइन । दशकौँदेखि बसोबास गर्दै आएको तर लालपुर्जा नभएको जग्गामा यो घर छ । मेरो पहाडमा भने नम्बरी जग्गा छ ।' उनले चुनावका बेला पनि आफूले लालपुर्जा नहुनेमध्ये म पनि एक हुँ भनेर बोलेको स्मरण गराएका छन् । घर निर्माणको आर्थिक स्रोतबारे स्पष्ट पार्दै खनालले भने 'यसको सम्पूर्ण आयस्रोत १० वर्षदेखि भारतमा आमा र बुवा दुवैले दिन–रात काम गरेर मासिक भारू ५० हजार कमाइ हो, जुन अझै अर्पूर्ण नै छ ।'

## प्रविधि

# एआईको प्रयोगबाट भ्रमको खतरा



अक्सफोर्ड विश्वविद्यालयको अक्सफोर्ड इन्टरनेट इन्स्टिच्युटले हालै सार्वजनिक गरेको एक अध्ययनले आर्टिफिसियल इन्टेलिजेन्स (एआई) च्याटबोटहरूको बढ्दो लोकप्रियतासँगै एउटा गम्भीर जोखिमलाई सतहमा ल्याएको छ । अनुसन्धानकर्ताहरूका अनुसार, च्याटबोटहरूलाई जति धेरै मिलनसार, न्यानो र सहानुभूतिपूर्ण बनाउने कोसिस गरिन्छ, तिनीहरूले त्यति नै धेरै गल्ती गर्ने र प्रयोगकर्ताका गलत एवं भ्रामक धारणालाई समर्थन गर्ने सम्भावना बढ्ेर जान्छ ।

'नेचर' जर्नलमा प्रकाशित यस प्रतिवेदनले प्रविधि कम्पनीहरूले आफ्ना एआई मोडललाई बढी मानवीय बनाउन गरिरहेको होडबाजीले अन्ततः सत्यतथ्यलाई ओझेलमा पार्ने र समाजमा 'कन्स्पिरेसी थ्योरी' (षडयन्त्रका सिद्धान्त) लाई मलजल गर्ने चेतावनी दिएको छ ।

अनुसन्धानका क्रममा वैज्ञानिकहरूले जब च्याटबोटहरूलाई निकै नम्र र 'स्वीट' शैलीमा बोल्ने गरी प्रोग्राम गरे, तब तिनीहरूको शुद्धतामा ३० प्रतिशतले ह्रास आएको पाइयो। साथै, यी 'मिठा' च्याटबोटहरूले प्रयोगकर्ताका गलत विश्वासहरूलाई समर्थन गर्ने सम्भावना ४० प्रतिशत बढी देखियो ।

## मनोरञ्जन

# 'ऊनको स्वीटर' शिलापत्र वर्ष सिनेमा

**दमक/** कहिलेकाहीँ ठूलो प्रभाव पार्न चर्को आवाज चाहिँदैन, मुलायम कथाले पनि मन जित्छ । फिल्म 'उनको स्वीटर'ले यो प्रमाणित गर्छ । आर्टमाण्डुको प्रस्तुति तथा नवीन चौहानको लेखन-निर्देशनमा बनेको यो सिनेमा २६ वैशाख २०८२ मा प्रदर्शनमा आयो ।

रिलिजसँगै दर्शकको सकारात्मक प्रतिक्रिया बटुलेको सिनेमाले करिब साढे ११ करोड रुपैयाँ ग्रस कलेक्सन गर्दै व्यावसायिक सफलताको स्वाद पनि चाख्यो । पहिलो सिनेमामै यस्तो प्रभाव छोड्नु चौहानका लागि मात्र होइन, समग्र नेपाली सिनेमाका लागि स्मरणीय उपलब्धि बन्यो । सिनेमाको कथा पाँचथरको सत्यरूपा क्षेत्रमा बसोबास गर्ने विभिन्न समुदायको जीवनसँग जोडिन्छ ।

लिम्बू, बाहुन र गुरुङ समुदायबीचको सहअस्तित्वलाई प्रेमकथाको धागोमा उनेर प्रस्तुत गरिएको छ । स्थानीय परिवेश, सांगीतिक माहौल र सांस्कृतिक विविधताबीचको सम्बन्धलाई सहज र आत्मीय ढंगले देखाउनु यसको प्रमुख शक्ति हो । यो फिल्म 'शिलापत्र वर्षसिनेमा २०८२' को उत्कृष्ट ५ मनोनयनमा परेको थियो ।

# 'काजी'को 'वारि बर पारी पिपलु'

**दमक/** लक्ष्मण रिजाल निर्देशित फिल्म 'काजी'को पहिलो गीत 'वारि बर पारी पिपलु' सार्वजनिक गरिएको छ । राजधानीमा आयोजित एक कार्यक्रम बिच सार्वजनिक गीतले फिल्मको कथासार बुझाउन खोजेको छ । चर्चित संगीतकार काली प्रसाद बास्कोटाको शब्द तथा संगीत रहेको गीतमा गांगा सोनाम र करण परियारको स्वर छ ।



पतिपत्नीबीचको प्रेम कथामा आधारित गीतको भिडियोमा अभिनेता विपिन कार्की र अभिनेत्री केकी अधिकारी नव विवाहित जोडीको भूमिकामा देखिएका छन् । कविराज गहतराजको कोरियोग्राफी रहेको गीतमा विपिन र केकीको प्रेमिल दैनिकीसँगै बिहानको पूजापाठदेखि खेतबारीको कामको दृश्य समेटिएको छ ।

रिजाल एन्ड रिजाल प्रोडक्सनको प्रस्तुति रहेको फिल्मका प्रस्तुतकर्ता राम प्रसाद रिजाल हुन् । केकी र विपिनसहित फिल्ममा गरिमा शर्मा, हेमन्त बुढाथोकी, प्रकाश घिमिरे, विशाल पहारी, हिउँवाला गौतम, अनुराग कुँवर, सन्दीप बाबु लोहानी, विनोद न्यौपाने, रश्मि भट्ट, प्रीतिका शर्मा, प्रशंसा सुवेदी, नवराज गिरी र बाल कलाकार दिक्षिता अर्याल, आरव बराल, सुपला सापकोटाले लगायत कलाकारले अभिनय छ ।

## दैनिक राशिफल

आज मिति २०८३ साल वैशाख २१ गते सोमबार 04 May 2026 तिथि: तृतीया



ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगाना : क्याम्पस मोड, सगरमाथा अञ्चल नगिम, उत्तर
सम्पर्कका लागि: ९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
|---|---|---|
| मेष | चु चे चो ला लि लु ले लो अ | मित्रहरु दाहिना हौलान् । भ्रमणको योग देखिन्छ । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | जोखिमपूर्ण यात्रा होला । अध्ययनमा भने सफलता । |
| मिथुन | का कि कु घ ङ छ के को हा | मानसम्मान मिल्ला । साथीभाइबाट पूर्ण सहयोग । |
| कर्कट | हि हु हे हो डा डि डु डे डो | परिश्रम अनुसार फल प्राप्ती नहोला । मित्र मिलन । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | आफन्तको सहयोग । धन लाभ । |
| कन्या | टो प पि पु ष ण ठ पे पो | अनावश्यक खर्च । शत्रुको भय । |
| तुला | र रि रु रे रो ता ति तु ते | आकस्मिक धनलाभ । आफन्तबाट सहयोग । |
| वृश्चिक | तो ना नि नु ने नो या यि यु | उपहार प्राप्ति । रोजगारीको अवसर । |
| धनु | ये यो भा भि भु धा फा ढ भे | कार्य सिद्धि । मान्यजनको सहयोग । |
| मकर | भो जा जि खि खु खे खो गा गी | मनमा खिन्नता । स्वास्थ्यमा समस्या । |
| कुम्भ | गु गे गो सा सि सु से सो द | धार्मिक कार्यमा रुचि । व्यापारबाट लाभ । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | आर्थिक प्रगति । मित्रबाट सहयोग । |

# शैक्षिक क्षेत्रका सवालमा मन्त्रालयको चासो

**दमक/** सरकारले विद्यालय क्षेत्रको सुधारका लागि संघ र स्थानीय तहबीच समन्वय सुरू गरेको छ । यसका लागि शिक्षा, विज्ञान तथा प्रविधिमन्त्रालयले विद्यार्थी भर्ना र शुल्क विवादका सम्बन्धमा स्थानीय सरकार एवं सरोकारवालासँग छलफल गर्दैछ । सिंहदरबारस्थित मन्त्रालयमा सोमबार काठमाडौं उपत्यकाका महानगरपालिकाका प्रमुखहरु तथा सरकारका उच्च अधिकारीसँग छलफल गर्न लागिएको मन्त्रालयले जनाएको छ । शैक्षिक सत्र प्रारम्भ हुने संघारमा विद्यार्थी भर्ना र मापदण्ड विपरित शुल्कबारे देखिएको अन्यौलता,वार्षिक शैक्षिक क्यालेन्डर र आगामी रणनीति बनाउन छलफल आयोजना गरिएको हो ।

विद्यार्थी भर्ना शुल्कमा अनियमितता र निजी विद्यालयबाट भइरहेको पछिल्लो गतिविधिलगायत विषयमा छलफल गरी अगाडिको बाटो पहिल्याउन जनप्रतिधिलाई एकै ठाउँमा बोलाइएको छ । सरकारका प्रवक्ता समेत रहेका शिक्षामन्त्री सस्मित पोखरेलको उपस्थितिमा हुने छलफलमा स्थानीय सरकारका प्रतिनिधीका साथै गृहमन्त्राल र शिक्षा मन्त्रालयका उच्चअधिकारीको उपस्थिति रहने जनाईएको छ । केही संस्थागत विद्यालयहरूले कानुन विपरित शैक्षिक सत्र २०८३ प्रारम्भ हुनु पूर्व नै विद्यार्थी भर्ना गर्ने र स्वीकृत मापदण्डभन्दा बढी शुल्क लिएको गुनासो बढेपछि गैरकानुनी रूपमा संकलन गरिएको शुल्क फिर्ता गर्न मन्त्रालयले हालै निर्देशन दिएको थियो । सङ्घीय सरकारले विद्यालयहरूलाई वैशाख १५ बाट विद्यालय भर्ना थाल्न र वैशाख २१ गतेबाट पठनपाठन सुरू गराउन निर्देशन दिएको थियो । तर काठमाडौं उपत्यकाका स्थानीय तहहरूले वैशाख ११ गतेदेखि नयाँ भर्ना अभियान सुरू गर्न र वैशाख १५ गतेदेखि नियमित रूपमा पठनपाठन सञ्चालन गराउन निर्देशन दिएका थिए ।

***बिर्तामोड......*** नगरपालिकाले सार्वजनिक सम्पत्ति संरक्षणमा कडाइ गर्ने र अतिक्रमण हटाएरै छाड्ने अडान दोहो-याएको छ । बिर्तामोड नगरको मुटु वडा नं ५ मा ३४० परिवारले सरकारी जग्गा अतिक्रमण गरेको विवरणले देखाएको छ ।

जिल्ला प्रहरी कार्यालयलाई पेश गर्नका लागि बिर्तामोड नगरपालिका ५ नं वडा कार्यालयले संकलन गरेको विवरणले देखाएको हो । बिर्तामोड ५ मा सबैभन्दा बढी सतानु पैनीमा अतिक्रमण भएको छ । त्यहाँ १३१ परिवारले बसोबास गरिरहेका छन् । त्यस्तै सिमली बस्ती, बिर्तामोड खानेपानी कार्यालय पूर्वपट्टि, जात्रुवारीको शिवालय मन्दिर अगाडि , गणपति क्याफेको पश्चिमपट्टि र अधुवा खोलाको पूर्वपट्टि एमिटी कलेजको छेउको सरकारी जग्गा सुकुमबासीको नाममा ओगटिएको वडा कार्यालयले जनाएको छ ।

उनीहरूले ओगटेको जग्गाको क्षेत्रफल भने यकिन भएको छैन । बिर्तामोड ५ मा सतानु पैनीको १ विघा ३ कठ्ठा जग्गा सुकुमबासीको नाममा विभिन्न व्यक्तिहरूले कव्जा गर्नुका साथै नम्बरी जग्गा भएका धेरै व्यक्तिहरूले समेत मिचेका छन् ।

यसैगरी, बिर्तामोड नगरपालिका ८ गरामनी बजारका २८ परिवारको घर सरकारी जग्गामा रहेको पाइएको छ ।

उनीहरूले गरामनी हाटबजारको करिव एक विघा जग्गा ओगटेर भवन र पसल बनाएका हुन् । उनीहरूले पाँच धुरदेखि एक कठ्ठा जग्गासम्म ओगटेको पाइएको छ । पुरानो बसोबास भएर नापी कार्यालयले लालपूर्जा वितरण गरेपनि सो जग्गा गरामनी हाटबजारकै नाममा देखिन्छ । भूमिसुधार तथा मालपोत कार्यालय झापाले हाटबजारको सरकारी जग्गा ती व्यक्तिहरूको नाममा दर्ता गरेको छैन ।

***बाटो....*** यो सडक ताप्लेजुङ, पाँचथरसहित धनकुटा र तेह्रथुमका तढतिर क्षेत्रका बासिन्दालाई तराईसँग जोड्ने मुख्य र छोटो मार्ग हो । पुल समयमै निर्माण नहुँदा बर्खाको धेरै समय नदीमा आएको बाढीका कारण बन्द हुने गरेको छ । ताप्लेजुङ-तराई जोड्ने तमोर कोरिडोर सडकमा पर्ने पुल निर्माणमा ढिलाइ हुँदा यात्रुले सास्ती खेप्दै आएका छन् । पुल नहुँदा खोलामा आउने आकस्मिक बाढीका कारण सवारीसाधन बिच बाटोमै अलपत्र पर्ने बाध्यता रहेको स्थानीय बताउँछन् ।

यो सडकखण्डमा पर्ने आठ वटा पुल अहिलेसम्म निर्माण सम्पन्न हुन सकेका छैनन् । तमोर कोरिडोर सडकमा निर्माणाधीन पुलमध्ये छरूवाखोलामा ७५ प्रतिशत, नावाखोलामा ५० प्रतिशत, लखुवा र रघुवाखोलामा २७ प्रतिशत तथा कम्बुवाखोलामा २५ प्रतिशत प्रगति भएको छ । हेवा, लारिप्पा र वगुवाखोलामा भने पुल निर्माण सुरू नै भएको छैन । बजेट अभाव र निर्माण कम्पनीको लापर्बाहीका कारण निर्माणमा ढिलाइ भएको पुल सेक्टर कार्यालय धरानले जनाएको छ ।

*बाटो....* छरूवाखोलाको पुल आगामी असार मसान्तसम्म, नावा, लखुवा, लारिप्पा र हेवाखोलाका पुल आगामी फागुन मसान्तसम्म तथा वगुवा, कम्बुवा र रघुवाखोलाका पुल आगामी वैशाख १९ गतेसम्म सम्पन्न गर्ने सम्झौता रहेको पुल सेक्टर कार्यालय धरानका इन्जिनियर नवीन शाहले जानकारी गराए ।

***राजनीतिक...*** रहेको राजनीतिक नियुक्तिको अभ्यासलाई अन्त्य गर्ने सरकारको प्रयासका रूपमा यसलाई व्याख्या गरिएको छ ।

सरकारले यो कदमलाई "संरचनागत सुधार" को सुरुवात भनेको छ भने आलोचकहरूले भने यसलाई "राजनीतिक हस्तक्षेप" का रूपमा लिएका छन्। केही विश्लेषकका अनुसार योग्यताभन्दा राजनीतिक पहुँचका आधारमा नियुक्त भएका पदाधिकारीहरु हटाउनु सकारात्मक कदम हुन सक्छ, तर त्यसपछि हुने नियुक्ति प्रक्रिया पारदर्शी र निष्पक्ष भएन भने सुधारको उद्देश्य पूरा नहुने जोखिम रहन्छ । अर्कोतर्फ, एकैपटक यति ठूलो संख्यामा पदाधिकारी हटाउँदा सम्बन्धित निकायहरूको कार्यसम्पादनमा अस्थायी अवरोध आउन सक्ने चिन्ता पनि व्यक्त गरिएको छ ।

सरकारले भने रिक्त हुने पदहरूमा नयाँ नियुक्ति गर्दा खुला प्रतिस्पर्धा, योग्यता र दक्षतालाई प्राथमिकता दिने दाबी गरेको छ। यस कदमले प्रशासनिक संरचनामा नयाँ ऊर्जा थप्ने र सेवाप्रवाहलाई प्रभावकारी बनाउने अपेक्षा गरिएको छ। तर विगतमा भएका राजनीतिक नियुक्तिहरूको अनुभवलाई हेर्दा, आगामी नियुक्ति प्रक्रिया कत्तिको निष्पक्ष हुन्छ भन्ने प्रश्न अझै खुला नै छ ।

समग्रमा, यो अध्यादेशले नेपालको प्रशासनिक र संस्थागत संरचनामा ठूलो प्रभाव पार्ने देखिएको छ। एकातिर यसले पुरानो राजनीतिक नियुक्ति प्रणालीलाई चुनौती दिएको छ भने अर्कोतर्फ नयाँ शक्ति सन्तुलन र प्रशासनिक अभ्यासको सुरुवात गर्ने संकेत पनि दिएको छ। अब सबैको ध्यान सरकारले यसपछि अपनाउने नियुक्ति प्रक्रिया र त्यसले ल्याउने परिणामतर्फ केन्द्रित भएको छ ।

***शक्तिशालीहरु......*** विशेष गरी यातायात, कर, राजस्व, भूमि प्रशासन जस्ता भ्रष्टाचारको उच्च जोखिम भएका क्षेत्रमा काम गरेका कर्मचारीहरूको आर्थिक गतिविधि सूक्ष्म रूपमा केलाइने भएको छ। आयोगले स्वदेश तथा विदेशमा लुकाइएका, आफन्त वा अन्य व्यक्तिको नाममा राखिएका सम्पत्तिको पहिचान गरी आवश्यक कानुनी कारबाही गर्ने संकेत दिएको छ ।

अन्ततः, यो अभियान केवल सम्पत्ति खोजीको प्रक्रिया मात्र नभई सुशासन, पारदर्शिता र जवाफदेहिताको परीक्षण पनि हो। अब सबैको ध्यान आयोगले कत्तिको निष्पक्षता, दृढता र परिणाममुखी ढंगले काम गर्छ भन्नेमा केन्द्रित भएको छ ।

## आगलागी हुँदा ९ जनाको मृत्यु

**एजेन्सी/** दिल्लीको शाहदरा क्षेत्रको विवेक विहारमा एक चार तले घरमा आगलागी हुँदा ९ जनाको मृत्यु भएको छ। आइतबार बिहान भएको आगलागीमा ९ जनाको मृत्यु हुनुका साथै १० देखि १५ जनालाई बचाइएको सुरक्षा अधिकारीलाई उद्दृत गर्दै भारतीय सञ्चार माध्यमहरुले उल्लेख गरेका छन् । दुई जना भने घाइते भएका छन् । घटनास्थल पुगेका भारतीय जनता पार्टीका विधायक सञ्जय गोयलले बिहान करिब ४ बजे आगो लागेको दियो । एकैछिनमा चारै फ्लोरमा आगो फैलिएको र केही मानिसहरुले ढोका खोल्न नसक्दा ज्यान गुमाएको उनको भनाइ छ। केही शव पूरै तरिकाले जलेको र केही कंकाल मात्र बाँकी रहेको प्रहरीले जनाएको छ ।

प्रारम्भिक अनुसन्धानमा प्रहरीले शर्ट सर्किटका कारण आगो लागेको बताएको छ। केही स्थानीयले भने एसीमा धमाका भएपछि आगो फैलिएको बताएका छन् ।

## बेस क्याम्प पुनर्स्थापनाको माग

**पथरी/** जेनजी आन्दोलन पछि विस्थापित पथरीशनिश्चरे नगरपालिका-१० स्थित सशस्त्र प्रहरीको भुटानी शरणार्थी सुरक्षा बेस क्याम्प पुनर्स्थापित हुन सकेको छेन । लामो समयदेखि बन्द रहँदा स्थानीय र शरणार्थी समुदायले गम्भीर चिन्ता व्यक्त गरेका छन् । सशस्त्र प्रहरी बल नेपालको उक्त क्याम्प जेन-जी आन्दोलनका क्रममा भएको आगजनी र तोडफोडपछि सञ्चालनमा आउन सकेको छैन ।

स्थानीयबासी तथा शरणार्थीहरूले पटक पटक बेस क्याम्प पुनर्स्थापना गरि दिन माग गरेका छन् । स्थानीयवासी र शरणार्थी समुदायले जिल्ला प्रशासन कार्यालयदेखि सशस्त्र प्रहरी मुख्यालयसम्म पटक-पटक पहल गरे पनि ठोस निर्णय हुन नसकेको गुनासो गरेका छन्। अन्य स्थानमा जस्तै यहाँ पनि शीघ्र पुनःस्थापना गर्न माग गरिएको छ । क्याम्पका सचिव करण राईले सशस्त्र प्रहरी पुनः फर्किएर बस्ने व्यवस्था भए क्याम्प पुनर्निर्माण तथा मर्मत खर्च समुदाय आफैँले व्यहोर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

स्थानीय र शरणार्थी समुदायले वर्तमान अवस्थालाई 'सुरक्षा शून्यता' को अवस्था भन्दै तत्काल क्याम्प पुनः सञ्चालन गरी स्थायी समाधान गर्न सरकारसँग माग गरेका हुन् । उनीहरूका अनुसार ढिलाइ बढ्दै जाँदा क्षेत्रको सुरक्षा अवस्था झनै जटिल बन्ने जोखिम रहेको छ । आन्दोलनपछिका घटनामा देशका अन्य स्थानमा रहेका प्रहरी चौकी र सशस्त्र बेस क्याम्पहरु पुनर्निर्माणपछि क्रमशः सञ्चालनमा फर्किए पनि उक्त संवेदनशील क्षेत्रमा रहेको क्याम्प अझै पुनःस्थापित नभएको स्थानीयको गुनासो छ । २०६४ सालमा स्थापना भएको उक्त क्याम्पमा करिब १५ जना सशस्त्र प्रहरी खटिने गरेका थिए ।

SCAN ME

पूर्वसन्देश दैनिक दमक झापा

# श्रोत नखुलेको २७ लाख सहित पक्राउ

**बिराटनगर/** विराटनगर विमानस्थलबाट प्रहरीले ठूलो परिमाणमा नगदसहित दुई जनालाई पक्राउ गरेको छ । स्रोत नखुलेको २७ लाख रूपैयाँसहित उनीहरूलाई पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा एक जना नेपाली र अर्को भारतीय नागरिक छन् । उनीहरू फरक फरक उडान मार्फत काठमाडौं जान लागेको बेलामा प्रहरीले पक्राउ गरेको हो ।

प्रहरीले शुक्रबार बेलुका करिब ८ बजे बुद्ध एयरको उडानबाट काठमाडौं प्रस्थान गर्न लागेका सुनसरीको धरान उपमहानगरपालिका वडा नम्बर १८ का ३५ वर्षीय दिलीप तामाङलाई ११ लाख नेपाली रूपैयाँसहित नियन्त्रणमा लिएको थियो । उनले उक्त रकमको स्रोत खोल्न सकेका थिएनन् । यस्तै शनिबार दिउँसो ३:३५ बजेतिर श्री एयरलाइन्सको जहाजमार्फत काठमाडौं जान लागेका भारतीय नागरिक ३६ वर्षीय मोहिदिल अलिलाई प्रहरीले पक्राउ गरेको थियो । भारतको मालदह जिल्ला सुजागञ्जका बासिन्दा अलिको झोला चेकजाँच गर्दा प्रहरीले १५ लाख ९८ हजार रूपैयाँ फेला पारेको थियो । प्रहरीले दुवै जनाबाट जम्मा २६ लाख ९८ हजार रूपैयाँ बरामद गरेको छ। पक्राउ परेका तामाङ र अलि दुवैलाई बरामद गरिएको रकमसहित थप अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय मोरङमा राखिएको जनाइएको छ ।

## उद्यमीद्वारा रक्तदान

***गौरादह/*** *झापाको गौरादह १ स्थित उद्यमी कृषि सहकारी संस्थाले रक्तदान कार्यक्रम सम्पन्न गरेको छ । कार्यक्रममा २० महिला सहित ६४ जनाले रक्तदान गरेको संस्थाले जनाएको छ । संस्थाको वार्षिक कार्यक्रम अनुसार रक्तदानको कार्यक्रम गरिएको अध्यक्ष भुपराज लुईटेलले जानकारी दिए । उनका अनुसार नेपाल रेडक्रस सोसाईटी उपशाखा दमकको प्राविधिक सहयोगमा कार्यक्रममा भएको थियो । झापाका विभिन्न अस्पतालहरूका साथै धरान, बिराटनगर लगायतका स्थानबाट समेत दमक रक्तसञ्चार केन्द्रमा रगत माग भई आउने गरेको केन्द्रका प्रमुख सिद्धार्थ दाहालले बताए । कार्यक्रमका प्रमुख अतिथी समेत रहेका दाहालले हरेक स्वस्थ व्यक्तिले नियमित रक्तदान गर्ने बानि बसाल्न सके धेरै बिरामीहरूको ज्यान बचाउन सकिने भएकाले यस तर्फ संघ संस्थाहरुले पनि प्रेरीत गर्नु पर्नेमा जोड दिए ।*

## एकतापछि समाजवादको यात्रा

दमक । नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का संयोजक एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले क्रान्तिको सपना अझै पूरा नभएको बताएका छन् । आज यहाँ मुसिकोट नगरपालिका-१० खर्सुपानीमा आयोजित सहिद कामी बुढा स्मृति पार्क उद्घाटन कार्यक्रममा उनले सबै कम्युनिस्टहरु एकताबद्ध भएर क्रान्तिको सपना पूरा गरिने बताए । 'हामी समाजवादको यात्रामा अगाडि बढ्ने भनेर लागिरहेका छौँ, त्यसका लागि विभिन्न कम्युनिस्ट समूह एकताबद्ध भएर समाजवादको एउटा नयाँ यात्रा सुरू गर्न नेकपा बनाएका छौँ । अब बाँकी रहेका कम्युनिस्टलाई पनि एकताबद्ध गर्छौं', संयोजक दाहालले भने ।


## वास्तविक सुकुम्बासीलाई सम्पर्क आउन आग्रह

काठमाडौं । सरकारले नदी किनारका जोखिमयुक्त बस्तीबाट विस्थापित भई स्थानान्तरण प्रक्रियामा छुटेका नागरिकलाई तत्काल सम्पर्कमा आउन आग्रह गरेको छ। शहरी विकास मन्त्रालयले आइतबार विज्ञप्ति जारी गर्दै सहायता आवश्यक भएका तथा हाल अलमलमा परेका नागरिकलाई दशरथ रंगशालामा सञ्चालन गरिएको प्राथमिक दर्ता केन्द्रमा पुग्न आह्वान गरेको हो ।

मन्त्रालयका अनुसार वास्तविक भूमिहीन नागरिकहरूको डिजिटल लगत संकलन गरी व्यवस्थित पुनर्स्थापनाका लागि होल्डिङ सेन्टरको व्यवस्था गरिएको छ । त्यहाँ अस्थायी आवास, भोजन, स्वास्थ्य सेवा, बालबालिकाको शिक्षा तथा मनोवैज्ञानिक परामर्शजस्ता आधारभूत सेवा उपलब्ध गराइएको जनाइएको छ ।

सरकारले विशेषगरी आर्थिक रूपमा कमजोर र आफैं व्यवस्थापन गर्न नसक्ने नागरिकलाई उपलब्ध सुविधा उपयोग गर्न आग्रह गरेको छ। विस्थापित तथा प्रभावित नागरिकहरूको सुरक्षित, व्यवस्थित र दीर्घकालीन पुनर्स्थापनाका लागि सरकार पूर्ण रूपमा प्रतिबद्ध रहेको मन्त्रालयले जनाएको छ ।


खड्ग बहादुर खड्काको
**कविता संग्रह**
ज्वाला




विभिन्न पुस्तक पसलमा उपलब्ध छ । किनेर पढ्न चाहनेले नजिकको पुस्तक पसलमा सम्पर्क गर्नहुन अनुरोध छ ।

सम्पर्क नम्बर : ९८४४६८०४९९



## हर्जना छुट सम्बन्धी सूचना

यस संस्थको ०८३/१/१९ गते बसेको संचालकको बैठक को प्रस्ताव नं.३को निर्णय अनुसार लामो समय सम्म किस्ता नबुझाउनु भएका ऋणि सदस्यहरूले मिति ०८३/२/५ गते सम्ममा ऋण चुक्ता गरेमा सम्पुर्ण हर्जना छुट गरिने हुँदा मौकाको फाइदा उठाउनु होला । उक्त समयमा नबुझाएमा तिन पुस्ते नामावली समेत प्रकासित गरिने छ। सोबाट हुने मानमर्दन्को संस्था जवाफदेही हुनेछैन।


**दर्पण बचत तथा ऋण सहकारी संस्था लि.**
दमक-६ (झापा)


## ऋण चुक्ता गर्न आउने बारेको ७ दिने अत्यन्त जरूरी सूचना

*तेस्रो पटक प्रकाशित मितिः २०८३/०१/१२ गते सोमबार*

**स सहकारी संस्थाबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिएको कर्जाको साँवा,व्याज,हर्जना र अन्य दस्तुर रकम समेत तिर्न/बुझाउन पटक पटक मौखिक, लिखित, फोन सम्पर्क तथा प्रत्यक्ष भेटेर तरतागेता गर्दा समेत नतिरी/नबुझाइ कर्जा लिँदाका बखत गरेका शर्त बन्देजहरु उलंघन गरेको हुनाले र मिति २०८२/११/०४ गते सोमबार प्रथम पटक ऋण चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको साथै २०८२/१२/११ गते बुधबार द्वितीय पटक १५ दिने सूचना प्रकाशित गरिए पश्चात पनि सम्पर्कमा नआएको हुनाले तृतीय पटक यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। तसर्थ यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्रमा संस्थामा सम्पर्क राखि यस संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण बक्यौता रकम (साँवा, व्याज, हर्जना र अन्य दस्तुर रकम समेत) चुक्ता गर्नु हुन सूचित गरिन्छ। अन्यथा सहकारी ऐन, नियमावली, कर्जा सम्बन्धी सम्झौताका शर्त लिखित तथा प्रचलित नेपाल सरकारको कानून बमोजिम तपसिलको धितोबाट नपुग भएमा अन्य जायजेथाबाट समेत कर्जा असुल उपर गरिने व्यहोरा सम्बन्धित तपसिलका ऋणी सदस्यहरुलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ।**

**ऋणीको तीन पुस्ते विवरण**
ऋणीको नाम : धर्म प्रसाद आचार्य
बाबुको नाम : खगेन्द्र प्रसाद आचार्य
बाजेको नाम : जगन्नाथ आचार्य
वतन : कमल गा.पा. -६
नागरिकता नं. : २३१११३७०६
जारी मिति : २०४७/०७/१२



**धितो दिनेको तीन पुस्ते विवरण**
नाम : महेश पौडेल
बाबुको नाम : देवि प्रसाद पौडेल
बाजेको नाम :कृष्ण प्रसाद पौडेल
वतन : कमल गा.पा. - ६
नागरिकता नं. : २३१११६८
जारी मिति : २०५८/०८/११




### धितो दिएको जग्गाको विवरण

| जिल्ला | न.पा./गा. पा. | वडा नं./नक्सा सिट नं. | कित्ता नं. | क्षेत्रफल | जग्गा धनीको नाम |
|---|---|---|---|---|---|
| झापा | मधुमल्ला (दमक) | ६ / ६झ | ४०५ | १८६.२२ व.मि. | महेश पौडेल |
| झापा | मधमल्ला (दमक) | ६ / ६झ | ४०३ | १५२.३६ व.मि. | महेश पौडेल |

**ऋणीको तीन पुस्ते विवरण**
ऋणीको नाम : मोहन ढकाल
बाबुको नाम : रेवती राम ढकाल
बाजेको नाम : हरी प्रसाद ढकाल
पत्नीको नाम : एकता मल्लीक
बतन : दमक न.पा. - ८
नागरिकता नं. : १९३/२०७१४
जारी मिति : २०४८/०४/३०



**धितो दिनेको तीन पुस्ते विवरण**
नाम : एकता मल्लीक
बाबुको नाम : कमल नारायण मल्लीक
पतिको नाम : मोहन ढकाल
वतन : दमक न.पा. - ८
नागरिकता नं. : ४०९/२२३१
जारी मिति : २०५७ /०९/१०



### धितो दिएको जग्गाको विवरण

| जिल्ला | न.पा./गा. पा. | वडा नं./नक्सा सिट नं. | कित्ता नं. | क्षेत्रफल | जग्गा धनीको नाम |
|---|---|---|---|---|---|
| झापा | दमक | १५ | १००९ | ५६७.५० व. मि. | मोहन ढकाल |

**दमक बहुमुखी सहकारी संस्था लि.**
दमक-१, झापा (फोन नं. ०२३(५७२६७४, ५७४१३२)

**प्रधान सम्पादक/प्रकाशक**: गञ्जबहादुर दाहाल, **कार्यालय**: दमक-५, झापा, फोनः ०२३-५७०२७२, **प्रबन्धक**: सुवासचन्द्र भट्टराई, **मुद्रण**: ज्योति अफसेट प्रेस, **कार्यकारी सम्पादक**: खगेन्द्र कार्की E-mail:purbasandesh@yahoo.com **ले-आउट**: सुरेन बस्नेत **सल्लाहकार** : पंकज दाहाल